# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २८ गते ०८ साल

## भाग ४

## खाद्यमन्त्रालयको विज्ञप्ति

०८।१०।२१

सरहदभित्र खाद्यान्न खरीद बिक्री गर्ने लाइसेन्स [तराईका जिल्लाहरूलाई मात्र लागू]

खद्यान्न खरीद बिक्री गर्ने लाइसेन्सवालाहरूले निम्न नियममा रही मात्र खरीद बिक्री गर्न हुन्छ: —

१. गाउँ मौजाका रैतीहरूले सालभरलाई घरखर्च, खेतीखर्च, बीज बीजन र अरू भैपरिआउने कामकाज व्यवहारलाईसमेत राखी मात्र बढी बिक्री गर्नुपर्छ ।

२ गाउँ मौजाका रैतीहरू र अरू गृहस्थीहरूले आफूलाई चाहिने घरखर्च खेतीखर्च र अरू परिआउने कामकाज व्यवहारलाई चाहिने जतिसुकै अन्न पनि खरीद गर्न हुन्छ ।

३. तराईका राइस मिलवालाहरूले [क] लाइसेन्स लिई मात्र खरीद बिक्री गर्न हुन्छ. यो क. लाइसेन्सको दस्तुर बर्ष १ को कं.रु. ६०० लाग्नेछ र क.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

लाइसेन्सवाला मिलवालाले मिलमा धान कुटानी गर्नगरेकोले मिल चालू राख्न मिलको कामकाजलाई चाहिने धान खरीद बिक्री गर्नसमेत र ष्टक तथा जगेडासमेत राख्न पाउँछन्, अरू लाइसेन्सवाला र रैतीहरूसँगबाट खुश-खरीद गरी मिलकुटानी भएको चामलमा र धानसमेतको २५ प्रतिशत सरकारले खोजी भएको बखत याने २००६ साल श्रावण मसान्ततक मना-सिबमाफिक कमिशन र सुखा जर्ति आदि ली सरकारलाई नचाहिने भएमा सरकारले तोकिदिएको फी मन रायल्टी बुझाई निकासी गर्ने इजाजत लिई विदेश निकासी गर्न पाउनेछन ।

४ माथि ३ दफाबमोजिम क. लाइसेन्स लिने मिलवालाले सयकडा २५ धान, चामल,ष्टकमा राख्ने भएकोले बाँकी ७५ प्रतिशत धान, चामल, सरहद-भित्र व्यापार बिक्री गर्न सक्छ र इजाजत लिई विदेश निकासी गर्न पाउने छन् । श्रावण मसान्तपछि सयकडा २५ जगेडामाथि विक्री गर्न बाँकी भएको सयकडा ७५ मध्येको बाँकी भएको चामलसमेत विदेश निकासी गर्न जगेडा रहेको सयकडा २५ साह पाउनेछन् ।

५. अन्नका ठूला व्यापारीहरू र गोलावालाहरूले [ख] लाइसेन्स लिई मात्र अन्न खरीद बिक्री गर्न हुन्छ. यो ख. लाइसेन्सको एकवर्षको फी कं.रु. २४० लाग्न र यस्ता ख लाइसेन्सवालाहरूले कुनै अन्न पनि सबै मिलाई ५००० मनभन्दा बढी ष्टक राख्न हुँदैन ।

६. अन्नका सानातिना व्यापारीहरूले [ ग ] लाइसेन्स लिई मात्र अन्न खरीद बिक्री गर्न हुन्छ. सबै अन्न गरी १०० मनभन्दा बढी ष्टक राख्न हुँदैन. यो ग लाइसेन्सको सालभरीको फी १ लाग्नेछ ।

७. क ख लाइसेन्सवालाहरूले लालखाता राखी रोज रोजको धान, चामल र अरू अन्नको खरीद बिक्रीको हिसाब छुट्टाछुट्टै राखी जुनसुकै बखत पनि आफ्नो ष्टकको हिसाब दिन सक्ने भइरहनुपर्छ, खाद्य इन्सपेक्टर तथा फुड्सुपर्भाइजर र अरू खटिने सरकारी अधिकारी वर्गको लागि यो लाल-

969-13

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाता हर बखत खुला रहनुपर्छ. लालखाताको रोज रोजको मिति बन्द गर्नुपर्छ।

८. सरकारलाई चाहिएमा ख र ग लाइसेन्सवालाहरूसँग रहेको ष्टकबाट सरकारले मुनासिबमाफिक कमिशन सुखड इत्यादि दिएर लिन सक्नेछ।

९. अन्नका व्यापारीहरूले दस्तूरसाथ आवेदनपत्र दिई जिल्ला गोस्वाराबाट क ख र ग लाइसेन्स लिने गर्नू र जिल्ला गोस्वाराले पनि यसबारेको नियम पुऱ्याई आवेदन —व्यापारीहरूलाई दस्तूर लिई लाइसेन्स दिने गर्नू।

१०. चोरी निकासी गर्नेहरूलाई भन्साराखेको ऐनसवालबमोजिम गर्नु गराउनुहोला।

११. विदेश निकासी गर्ने बारेमा क लाइसेन्सवालाले मात्र महसूल लाग्ने खाद्यान्न धान, चामलको तोकिदिएको निकासी महसूल तिरी यो जारी भएको नियमावलीका दफाहरूको पालन गरी मात्र निकासी गर्नुपर्छ।

१२. लाइसेन्स लिनालाई सरहदमा बसोबास भएका सम्बन्धित खरीद बिक्री गर्ने खाद्यान्नका व्यापारीले लाइसेन्स माग्न आएमा दस्तुर बुझी मालधनी दाखिल गरी गोस्वाराबाट लेखिएबमोजिम कबूलियत गराई तुरुन्त लाइसेन्सको पुर्जी गरिदिने गर्नू र सो लाइसेन्सको फाँट खाद्यपरिषद् काठमाडौंमा पठाउने गर्नू।

१३. तराइका खाद्यान्नको सप्लैस जिल्लाहरूमा माथि दफाहरूमा खुलाएबमोजिमको नियममा रही क ख र ग लाइसेन्सवालाहरूले काम गर्नुपर्छ र नियमविरूद्ध गरी खरीदबिक्री गरेमा ऐन सवालबमोजिम हुनेछ, जसमा मिलबन्द गर्नेदेखि लिएर मिलमाथि सरकारले कब्जासमेत गर्न पाउनेछ।

१४. माथिका दफाहरूमा खुलाएबमोजिम खाद्यान्नको खरीद बिक्रीको क ख र ग लाइसेन्स लिई अन्नको खरीद बिक्री सप्लैस जिल्लाहरूमा चालु भएपछि क लाइसेन्सवाला मिलवालाहरूले मात्र यो लाइसेन्सहरूको प्रथाबमोजिम १५।१५ दिनमा धान चामलको ष्टाक जिल्ला गोस्वारामा डिक्लेयर गरी जाहेर गरी गोस्वाराको निस्सा लिई तोकिएको रायल्टी बुझाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विदेश निकासी गर्न पाउनेछन्. गोस्वारामा डिक्लेयर गरेका ७ दिन-सम्ममा जिल्ला गोस्वाराले यो नियमावलीबमोजिम निकासा दिइसक्नुपर्छ ।

१५. जुन जिल्लाहरूमा राइस मिलहरू छैनन्, त्यस जिल्लामा क लाइसेन्सवालाहरूले खरीद गरेको धान चामलको ष्टकको २५ प्रतिशत जगेडा राखी अर्थात् अरू जिल्लाका मिलवाला क लाइसेन्स सरह सर्प्लस जिल्लाबाट विदेश निकासी गर्न पाउनेछन् ।

१६. जिल्ला गोस्वाराले क र ख लाइसेन्सवालाहरूको खाताहरू खाद्य इन्सपेक्टर फुडसुपरभाइजर रहेका जिल्लाहरूमा निजहरूबाट र नरहेका जिल्लाहरूमा गोस्वाराका दर्जा पुगेका कर्मचारीहरू खटाई ल.लखाताहरू चेक जाँच गर्ने गर्नु र चेक जाँच गरेको निस्सा लालखातामा लगाई जाँचको रिपोर्ट जिल्ला गोस्वारामा बुझाउने गर्नू र जिल्ला गोस्वाराले सो रिपोर्टको तेरिज-सम्म खाद्यपरिषद्मा पठाउने गर्नुपर्छ ।

१७, मिलवाला क लाइसेन्सवाला भएमा जिल्लामा र क लाइसन्सवाला मिल नभएका जिल्लामा समेत क लाइसेन्सवालाहरू समेतको लालखाता माथि १६ दफाबमोजिम हरएक १ महीनाको एकपटकसम्म चेक जाँच गर्नुपर्छ । जरूरत परेमा जतिपटक पनि चेक जाँच गरे हुन्छ ।

१८. माथि दफादफाहरूमा खुलाएबमोजिम खाद्यान्नको खरीद बिक्री तराइका जिल्लाहरूमा गर्ने गरी यो नियमावली जाहेर भएको छ. कामकाज गर्दै जाँदा यी नियममा दफाहरूमा अदलबदल र थपघटसमेत गर्ने आवश्यकता पर्ने र सो सुझावहरूमा जिल्ला गोस्वाराले आफ्नो रायसमेत राखी ठहर गरी खाद्यपरिषद्मा जाहेर गरी निकासा भइआएबमोजिम गर्नुहोला ।

१६. क लाइसेन्स राइसमिल भएका जिल्लाहरूमा राइसमिलवालाहरूले मात्र पाउने र राइसमिल नभएका जिल्लाहरूमा समेत क लाइसेन्स लिनेहरूले क लाइसेन्स लिने मिल भएको जिल्लाहरूका क लाइसेन्स लिने सरह खाद्यान्न धान चामल यो जारी भएको नियमावलीको पालना गरी विदेश निकासी गर्न पाउनेछन्.

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सर्प्लस जिल्लाहरू बाहेक अरू डेफसित जिल्लाहरूमा क ख र ग लाइसेन्स-बाट सरहदभित्र बिक्री गर्नहुन्छ र माथि ३ र ४ दफाबमोजिम यसबारेमा गर्नु गराउनुहोला ।

२०. माथि १६ दफाबमोजिम सर्प्लस जिल्लाहरूका मिल भएका जिल्लालाई क लाइसेन्सवाला मिलवालाहरू र मिल नभएका जिल्लाहरूलाई पनि क ला-इसेन्सवालाहरूले १५। १५ दिनमा १४ दफाबमोजिम निकासी गर्नलाई जाहेर गरेपछि जिल्ला बडाहाकिम खाद्य-सल्लाहकार समितिको रायबाट अन्न संकट नपरेसम्म अन्न संकट नपर्ने हिसाबबाट विदेशबाट निकासी छाडने गर्नु र जिल्लामा खाद्यसंकट पर्ने देखिएमा माथि ३ र ४ दफाबमोजिम गर्नु गराउ-नुहोला ।

२१ क ख र ग तीनकिसिमको लाइसेन्सबाट खाद्यान्नको खरीद बिक्री चालू गर्ने प्रारम्भिक उपार्जक किसान रैतीहरूले आफ्नो अन्न धान चामल आ-दिको सुफत उचित मोल पाउने गर्नालाई कुनै करकाप नगरी लाइसेन्सवालाले खुशखरीदीको मोल नघटाई खुशखरीद गर्नुपर्छ. यो खरीद गर्ने धान-चामलको मोल तोक्न रैतीहरूलाई कुनै किसिमको मर्का नपर्ने गरी बडा-हाकिमले चाहेमा र जरूरत पर्ने भएको इलाका इलाकालाई पर्ति मोलमा न घटाई खरीद बिक्री गर्नू भनी फी मन धान चामलको र अरू खरीद बिक्री गर्ने हिउँदे र वर्षे अन्नादिको मोल तोकिदिन हुन्छ र जरूरत परेमा मोल तो किदिने गर्नू र तोकेको मोल सबैले थाहा पाउने गरी घोषणा उर्दी पुर्जी टाँससमेत गर्नुहोला ।

२२. माथि २१ दफामा खुलाएबमोजिम जिल्ला बडाहाकिम सल्लाहकार समि-तिले इलाका इलाकालाई फी मन खरीदीको धान चामलको मोल तोकिदि-एपछि यो नियमावलीको दफाहरूबमोजिम सरकारलाई चाहिएमा मना-सिवमाफिक कमिशन सुमरू आदि लिई खरीद गर्न समेत सजिलो पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

भएकोले सो कुराको ख्याल राखी जिल्ला गोस्वाराले काम गर्नु गराउनु-होला ।

२३. लाइसेन्सवालाहरूले आफ्नो २ लाइसेन्स वर्षवर्ष दिनमा रिन्यु गर्नुपर्छ र लाइसेन्सवालाले सालभर गरेको कामकाजको विचार गरी सालाना दस्तूरी लिई जिल्ला गोस्वाराले प्रत्येक वर्ष मार्ग महीनादेखि लाइसेन्स रिन्यु गर्नुपर्छ ।

२४. तराईका प्रत्येक जिल्ला जिल्लाका बडा हाकिमहरूले आफ्नो जिल्लाहरूमा भएका भदैया धान र अगहनी धानको फसलहरूको पूरा विचार गरी मौकैमा जिल्लाभित्र जहाँजहाँ जुनजुन इलाकामा हेर्नु बुझ्नुपर्छ, हेरी जाँचबुझी भदैया फसलबारे श्रावणको १५ गतेसम्ममा र अगहनी फसलबारे मार्ग १५ गतेसम्ममा खाद्यपरिषद्मार्फत सर्प्लस डेसिफीत जिल्ला के हो के कतिबाट डेफिसित ठहर्छ अञ्जाम गरी अन्तिम रिपोर्ट जाहेर गर्नुहोला ।

२५. माथिका दफाहरूमा खुलाएबमोजिम [क] लाइसेन्सवालाहरूले खाद्यान्नमा धान चामल निकासी गर्ने यो नियमावली जाहेरी भएबमोजिम गर्ने र अरू खाद्यान्न तेलहन दलहन वर्षे र हिउँदे अन्नादिलाई क ख र ग लिने किसिमका लाइसेन्सवालाहरूले समेत माथि २० दफाबमोजिम गर्नु गराउनुहोला ।

## खाद्य तथा भूमि—व्यवस्थामन्त्रालयको विज्ञप्ति

राजधानीमा खाद्यान्नको हिजोआजको भाउ र बिक्रीउपर सरकारको विचार गईरहेको छ । सदर चारभंज्यागमा योबर्षको बर्षेफसलहरूमध्ये मुख्य बाली मकै, कोदो, र धानको फसल सबैतिर राम्रोभएको अर्थात् पूरा उब्जाउ भएकोमा हाल कुनै कारण र खन्डखातिर नपर्दा पनि हिजोआज चामल बजारमा घटाई महगि बडाउनेतर्फ साहूमहाजन व्यापारीहरू र फवन्जारहरूको झुकाव भएको तर्फ सरकारको ध्यान आकर्षीत भइरहेको छ । राजधानीको नजिकैका जिल्ला पूर्व १ नं तथा प १ नं. जिल्लाहरूबाट

९६३-१२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि साबिकको मन्दा बढी खाद्यान्न सदरमा आईरहेको छ र यस किसिमबाट पूरा उब्जा भएकोमा पनि कुनै कारण नभइकन कृत्रिम अन्नाभाव पारी भाउ व्यसा महंगो हुँदैगएमा सरकारले सहन गर्न सक्नेछैन र मुस्तैदीसाथ उचित कारवाई गर्नेछ।

अनुचित तरीकाबाट अन्न संग्रह गरी राखी पछि बर्षाकालमा महगी बढाई बेच्ने नियत गरी अन्नको स्वतन्त्र गतिविधिमा बाधा पार्ने व्यापारी फवन्जार माहाजनहरू स्टाकिष्टहरूलाई नेपाल सरकारले जारीगरेको खाद्यसंग्रह-निवारण कानून २००८ साल पौष १६ गतेमा नेपाल गजेटमा प्रकाशित गरी अगावै चेतावनी दिइसकेको छ र उपत्यकाका खाद्यान्नका साहू महाजन व्यापारी फवन्जारीहरूलाई सरकारले फेरि पनि होस्सियार गरेको छ। खाद्यान्नको भाउ बढाउन, भाउ व्यसा सस्तो तुल्याई खाद्यान्नको मोलमा स्थिरता ल्याउन सरकारले यो वर्ष उपत्यकाका तीनै सहर काठमाडौं, भक्तपुर र ललितपुरमा धान चामलको ठेक्का र ठेकदारी सकार गर्ने-काम बन्द गर्‍यो र धान चामलको ठेक्का उठाउने र ठेकदारहरूले बजारमा खरीद गरी तथा धान चामल आउने मुहानको नाकासमेत बन्द गरी अनुचित तरीकाबाट समेत अन्नसंग्रह गर्दा खाद्यान्नको बजारमा खलबली परेकोले यस किसिमको ठेक्का र ठेकदारी बन्द गरिएको यो ठेक्का र ठेकदारी बन्द गर्ने अगावै सरकारले तीनै सहरका सबै टोल रक्षासंघद्वारा प्रत्येक टोलमा हजारौं मुरी चामलको बिक्री बितरण गरेको पनि थियो। सो सबैजनतालाई विदितै छ। सरकारी ठेक्का र ठेकेदारी राज-धानीमा बन्द गर्दा समेत लाग्ने धान चामलको जिन्सी खर्च सबै सरकारी गोदामबाटै भएको छ र खाद्यान्नको बजारमा सरकारले कुनै हस्तक्षेप नगरी भाउ व्यसा सस्तो पार्नेतर्फ ध्यान दिइरहेकोमा कुनै कारण नभई यसरी भाउ व्यसा महँगो पार्नखोज्ने अन्नका व्यापारीहरूलाई सरकारले सचेत गर्छ। मात्र बेसाहा सस्तो गर्नको लागि सरकारले लाखौं मन धान चामल उपत्यकामा ल्याउने प्रबन्ध यो वर्ष गरेको छ यो बन्दोबस्तको फलस्वरूप रक्सोलमा धान आइपुगिसकेको छ र थमाथम धान गोदाममा दाखिल हुन लागिसकेको छ। सरकारले आफ्नु अख्तियारीभित्र भर-मौजुद गरी बाहिरबाट धान चामल पैठारी गरील्याई लाखौं रुपैयाँको नोक्सानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सही सस्तोभाउमा धान चामलबिक्री वितरणगर्ने योजनाअन्तर्गत गरेको काम कारवाइको वास्ता नराखी कुनै कारण नभै अनुचित तरीकाबाट भाउ बेसामहँगो पार्न खोज्नेहरू को सरकारले खोजखबर गर्ने पक्का ईरादा गरेको छ र कडा कारवाई गर्न वाध्य हुनेछ ।

अन्नका व्यापारीवर्ग साहूमहाजन फबन्जारहरूलाई सरकारले अन्त्यमा अपील गर्छ कि राजधानीमा भाउ बेसाहा सस्तो गर्न तथा खाद्यान्नको मोलमा स्थिरता ल्याउन माथि उल्लेख गरेक जुन प्रयास सरकारले गरिरहेछ त्यसमा सरकारलाई सहयोग दिई सबैले हारगुहार गरून् र सस्तो भाऊ बेसाहागर्नेतर्फ सरकारलाई पूरा मद्दत दिउन् ।

सरकारले जनतासँग पनि अनुरोध गर्छ, गतः बर्षाकालमा जनताले सरकारलाई खाद्यान्न सुलभ गराउन जुन सहयोग दिएको थियो; अब पनि माथि उल्लेख गरिएका कुराहरूलाई ध्यानमा राखेर राजधानीका प्रत्येकटोल रक्षासंघहरूलाई पनि सरकारले अनुरोध गर्छ कि यस महान कार्यमा सरकारको हात बटाउन् । अनुचित तरीकाबाट खाद्यसंग्रह गर्ने खाद्यान्नको भाउ बिगार्ने भाऊ ब्यसा महँगो गर्न खोज्ने आदि समाजविरोधी कारवाईको सुराख र सूचना खाद्यमन्त्रालयलाई दिउन्, जसमा यो काममा सरकारलाई सजिलोपर्न जाओस् ।

## खाद्य-भूमिव्यवस्थामन्त्रालयको विज्ञप्ति

| विषय | स्वीकृति निकासी करको दर | |
|---|---|---|
| १. [क] तोरी | [आठआना] | प्रतिमन |
| [ख] सर्स्यूं | ,, | ,, |
| [ग] रायो | ,, | ,, |
| [घ] अडेल | ,, | ,, |
| २. [क] सूठो | डेढ रु, | ,, |
| [ख] खुर्सानी | ,, | ,, |
| [ग] दालचिनी | १ रु. | ,, |

968-13
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | [घ] पिपला | १५ ,, | ,, |
| ३. | आलु | १ ,, | ,, |
| ४. | [क] गाँजा | ५ ,, | ,, [ उब्जमा ] |
| | [ख] सुर्ती | एकआना | ,, |
| ५. | दाल | बाह्रआना | ,, |
| ६. | उखु | एकआना | ,, |
| ७. | घिउ | ५ रू. | ,, |
| ८. | धान | दशआना | ,, |
| ९. | चामल मिलकुटानी | १ रू. | ,, |
| | ,, ढिकी ,, मा | बाह्रआना | ,, |

१०. जूट [कोरा] मोलमा सयकडा ५ रू.

११. जूट [तयारी माल] भारतको निकासी करबमोजिम करको दर लगाई त्यसमा ⅓ एक तिहाई रिहाई गर्ने र यो दर गत अक्टुबरदेखि नै लागू गर्ने ।

भारतमा हाल जूटको तयारी मालमा निकासी करमा रू. ३५०। र हेसियनमा रू. १५००। प्रति टन लागेको छ।

द्रष्टव्यः— धान, चामल निकासी गर्दा खाद्यविभागबाट जारी भएको नियमबमोजिम लाइसेन्स लिई मात्र निकासी गर्न पाइन्छ ।यो नियम बुझ्नलाई जिल्ला गोस्वारा या खाद्यविभागमा बुझे हुन्छ ।

सरकारले कुनै कारणवश कुनै चीज नियन्त्रण गरेका इलाकाबाट निकासी गर्न पाइदैन ।

यस निकासी दरमा नखुलेको खाद्यान्न, जस्तो-मकै, कोदो, गहुँ, इत्यादिको निकासी महसूल दर दालसरह रहनेछ ।

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।